# स्थानीय राजपत्र

**बोगटान फुड्सिल गाउँपालिकाद्वारा प्रकाशित**

**खण्डः-६ संख्याः-२ मितिः-: २०८०/०३/१५**

## भाग–२

# आपतकालिन वालकोस (स्थापन र संचालन ) कार्यविधि, २०८०

**प्रस्तावना :**

गाउँपालिकाभित्र विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको उद्दार, अस्थायी संरक्षण, स्वास्थ्य उपचार, मनोसामाजिक सहयोग, पारिवारिक पुनर्मिलन तथा पुनर्स्थापना गराउनका लागि एक कोष स्थापना गर्न आवश्यक भएकाले नेपालको बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६३ को उपदफा ४ ले दिएको अधिकार प्रयोग गरी बोगटान फुड्सिल गाउँपालिकाले यो “आपतकालीन बाल कोष (स्थापना र सञ्चालन) कार्यविधि, २०८०” बनाएको छ ।

### परिच्छेद्–१
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम “बोगटान फुड्सिल गाउँपालिकाको “आपतकालीन बाल कोष (स्थापना र सञ्चालन) कार्यविधि, २०८०” रहेको छ ।

(२) यो कार्यविधि गाउँकार्यपालिकाको बैठकबाट पारित भएपश्चात स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) “ऐन” भन्नाले नेपालको बालबालिका सम्बन्धी ऐन, २०७५ सम्झनु पर्दछ ।

(ख) “बिशेष संरक्षणको आवश्यकता भएका बालबालिका” भन्नाले दफा ४ बमोजिमका बालबालिका सम्झनु पर्दछ ।